## मिति २०८२ असार ७ गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : नगर प्रहरी व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ३ : दोभासे सम्बन्धमा ।

प्रस्ताव नं. ४ : शिक्षक अवकासको निर्णय अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ५ : दीगो विकास योगदान सम्बन्धमा ।

प्रस्ताव नं. ६ : म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ७ : आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णयहरु-

निर्णय नं. ५८.१ : नगर कार्यपालिकाको मिति २०८२/०३/०५ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५८.२ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकामा नगर प्रहरीको पदपूर्तिको आवश्यकता एवं संभाव्यता अध्ययनका लागि देहाय बमोजिमको अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. सुशासन तथा क्षमता विकास समिति संयोजक श्री कुमार बञ्जारा – संयोजक
२. वडा नं. १ वडा अध्यक्ष श्री कृष्ण मुरारी चौलागाईं – सदस्य
३. वडा नं. ९ वडा वडा अध्यक्ष श्री किरणदिप खड्का – सदस्य
४. आर्थिक प्रशासन शाखा प्रमुख श्री मुरारी पुडासैनी – सदस्य
५. प्रशासकीय अधिकृत श्री झपेन्द्रराज खरेल – सदस्य सचिव

निर्णय नं. ५८.३: मेलम्ची नगरपालिका वडा नं. ११ स्थायी निवासी श्री गोमा ढकाललाई नगरपालिकाबाट संचालन गरिने विभिन्न कार्यक्रमहरुमा कार्यक्रमगत रुपमा पारिश्रमिक प्रदान गरी दोभासेको रुपमा कार्य गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५८.४: मेलम्ची नगरपालिका वडा नं. ८ स्थित लाभगाउँ आधारभूत विद्यालयमा प्रा.शि. तृतीय श्रेणीको स्थायी शिक्षक पदमा कार्यरत श्री देव नाथ गिरी र मेलम्ची नगरपालिका वडा नं. १३ स्थित फटकिशला मा.वि.मा कार्यरत विद्यालय सहयोगी श्री भूमि प्रसाद घैरासैनीले आफ्नो पदबाट स्वेच्छिक अवकाश लिई यस कार्यालयबाट उपलव्ध गराइने शिक्षक गोल्डेन ह्याण्डसेक कार्यक्रम अन्तर्गतको सुविधा पाउँ भनी निवेदन पेश गरेकोमा निजहरुलाई नगर शिक्षा समितिको निर्णयानुसार शिक्षा, युवा तथा खेलकुद शाखामा विनियोजन गरिएको रकमबाट लाभगाउँ आधारभूत विद्यालयका प्रा.शि. तृतीय श्रेणीको स्थायी शिक्षक पदमा कार्यरत श्री देव नाथ गिरीलाई रु. १ लाख ७५ हजार र फटकिशला मा.वि.मा कार्यरत विद्यालय सहयोगी श्री भूमि प्रसाद घोरासैनीलाई रु. १ लाख रुपैयाँ शिक्षक गोल्डेन ह्याण्डसेक सुविधा उपलव्ध गराउने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ५८.५: दिगो विकास लक्ष्य कार्यान्वयनका सम्बन्धमा आवश्यक वित्त व्यवस्थापनका लागि नगरपालिकाबाट संचालन हुने सशर्त, समपुरक र विशेष अनुदान बाहेकका श्रोतबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुबाट आगामी आ.व. २०८२/०८३ देखि दिगो विकास योगदान शिर्षकमा १ प्रतिशत रकम कट्टा गरी दिगो विकास लक्ष्य सम्बद्ध कोषहरुमा त्रैमासिक रुपमा रकम व्यवस्थापन गर्न नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ५८.६: मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ मा बजेट विनियोजन भई बोलपत्र प्रक्रियाबाट छनौट भई सम्झौता गरिएका देहाय बमोजिमका योजनाहरुले समयावधि भित्र कार्य गर्न नसकी विभिन्न कारण देखाई म्याद थपका लागि निवेदन पेश गरेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा भएको कानूनी व्यवस्था बमोजिम प्राविधिक प्रतिवेदनका आधारमा तपसिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | बोलपत्रदाताको विवरण | कार्य सम्पन्न हुन नसकेको कारण | म्याद थप अवधि |
|---|---|---|---|---|
| १ | ठूलो थकनी माध्यमिक विद्यालयको क्यान्टिन र कक्षा कोठा निर्माण, मेनपा ४ | आविष्कार निर्माण सेवा | वर्षाको कारणबट ग्रामीण सडकहरु अवरुद्ध भई निर्माण सामग्री ढुवानीमा सहजता नभएको | ४ महिना |
| २ | काउले दोभान वडा कार्यालय बालुवा डाँडा सडक स्तरोन्नती, मेनपा ३ | शुभारम्भ ईन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि. | | ४ महिना |
| ३ | बाहुनेपाटी थाक्ले सडक निर्माण, मेनपा १२ | गेहेन्द्र/शान्ति एण्ड अश्विन जे.भि. | | ६ महिना |

निर्णय नं. ५८.७: बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भएको मेलम्ची नगरपालिकाको आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम माथि छलफल गरियो ।